**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान**
**रविभवन, कालिमाटी**

फर्निचर (Desk Of Polyglass Fiber with Ms Frame) खरिद सम्वन्धी

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५।०९।६

ठेक्का नं: १/०७५/०७६

**यस प्रतिष्ठानमा फर्निचर (Desk Of Polyglass Fiber with Ms Frame) सप्लाई गर्न इच्छुक व्यवसायी फर्महरुबाट निम्न शर्तहरुका अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।**

**शर्तहरु :**

१ बोलपत्र फाराम प्रतिष्ठानबाट फर्म दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्र र आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु पेश गरी लेखा शाखाबाट रु. ३०००।- तिरी (फिर्ता नहुने गरी) प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गर्न सकिनेछ।

२ बोलपत्रदाताले बोलपत्रसाथ फर्म दर्ता प्रमाणपत्र, मू.अ.क./प्यान (PAN) दर्ता प्रमाणपत्र, आ.व.२०७४।०७५ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु र बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व घोषणाको सक्कल प्रति एवं संयुक्त उपक्रमको हकमा संयुक्त उपक्रमको सम्झौतापत्र पेश गर्नुपर्नेछ।

३ प्रतिष्ठानको छाप तथा दस्तखत नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन।

४ एउटा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

५ बोलपत्र फाराम पेश गर्दा पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अधिकार प्राप्त प्रतिनिधिले फारामको प्रत्येक पानामा सही गरी फर्म वा कम्पनीको छाप लगाएको हुनु पर्नेछ।

६ प्रतिष्ठानको बोलपत्र फारामको Bill of Quantities मा दरभाउ उल्लेख गर्नु पर्नेछ।

७ कुल दरभाउ रकम एवं एकाईगत दर अंङ्क र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक भएको पाईएमा अक्षरलाई मान्यता दिईनेछ।

८ दरभाउ उल्लेख गर्दा मूल्य अभिवृद्धि कर पनि स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ। मूल्य अभिवृद्धि कर उल्लेख नभएको अवस्थामा बोलपत्र रकम मूल्य अभिवृद्धि कर सहित भएको मानिने छ।

९ बोलपत्रदाताको दस्तखत र छाप नभएको बोलपत्र स्वीकृत हुने छैन।

१० बोलपत्र दाताले बोलपत्र जमानत बापत बोलपत्रका साथ कम्तीमा रु, ९५०००। रकममा नघटाई नगद जमानत यस प्रतिष्ठानको कृषि विकास बैंक कालिमाटी शाखामा रहेको चल्ती खाता नं. ०२१०३००१६६९९८०१४ मा जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैङ्कले यस प्रतिष्ठानको नाममा जारी गरेको सो रकम बराबरको जमानतको अवधि बोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन भन्दा बढीको हुने गरी बोलपत्र जमानत पेश गर्नु पर्नेछ। बोलपत्रको मान्य हुने अवधि ९० दिनको हुनेछ। बोलपत्र जमानतको अवधिको गणना गर्दा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुनेछ।

११ बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र कार्यालय समयमा यस प्रतिष्ठानमा सिलवन्दी गरी पेश गर्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई म्याद कायम गरिने छ।

१२ सिलवन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको २:०० बजे वा उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दिनको २:०० बजे वोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। वोलपत्रदाताहरु उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

१३ बोलपत्र पेश गर्दा पूरा गर्नु पर्ने अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

१४ बोलपत्र स्वीकृत गर्ने या नगर्ने अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ।